# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २२ गते २०३३ साल

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नारायणी अञ्चल सिंचाइ विकास योजनाको लागि नारायणी अञ्चलको निम्न जिल्ला, पञ्चायत र वडा नं. को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पर्सा जिल्ला लिपनी पञ्चायत वडा नं. ४ को पूर्व कित्ता नं. २५६,२६३, पश्चिम कित्ता नं. २३७,२५८, उत्तर कि.नं. २३६,२५६, दक्षिण कि.नं. २५५,२५७ यति चार किल्लाभित्रको कि. नं. २३५ बाट ०–१–५ र कि. नं. २५५ बाट ०–२–१७ समेत जम्मा जग्गा विगहा ०–४–२ (चार कठा दुई धुर) को मालपोत रू. ६।२ (नौ रूपैयाँ दुई पैसा) लागेको कित्ता ।

बारा जिल्ला वन्जरीया गाउँ पञ्चायत वडा नं. ७ को पूर्व कित्ता नं. ४५, पश्चिम कित्ता नं. ४८, उत्तर कित्ता नं. ६, दक्षिण कित्ता नं. ५१ यति चार किल्लाभित्रको कित्ता नं. ४७ बाट ०–२–११ (दुई कट्ठा एघार धुर) को मालपोत रू. ५।६१ (पाँच रूपैयाँ एकसट्ठी पैसा) लागेको कित्ता ।

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिब

649 ६५३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जिल्ला कार्यालय कृषि शाखा रूपन्देही भैरहवाको कर्मचारी आवाशगृह निर्माण गर्नेको लागि लुम्बिनी अञ्चल, रूपन्देही जिल्ला, भैरहवा नगर पञ्चायत वार्ड नं.७ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गा-धनीले जग्गाको मोल र अरू नोक्सानी वापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व कुलो, पश्चिम कि. नं. ४,५ को जग्गा, उत्तर कि. नं. ७ को जग्गा, दक्षिण परिवार नियोजन कार्यालयको कम्पाउण्डको जग्गा यति चार किल्लाभित्रको कि. नं. ३ को ०-४-१६ पूरै, कि. नं. ८०१ को ०-२-१ पूरै, कि. नं. ८०२ को ०-२-१९ पूरै समेत जम्मा जग्गा ०-९-१६ (नौ कट्ठा सोह्र धुर) को जम्मा मालपोत रू. २४।९९ ( चौबीस रूपैयाँ उनान्सय पैसा) लागेको कित्ता।

आज्ञाले-
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

692 ~~६९१~~

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।